# भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०
## (सुझाव संकलनको लागि तयार गरिएको मस्यौदा)

भूमिको बर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दीगो लाभ हासिल गर्न संचालन गरिने कार्यक्रमहरूलाई निर्देशिका बनाई व्यवस्थित तुल्याउन वाञ्छनीय भएकोले भूउपयोग ऐन ,२०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयद्वारा यो निर्देशिका जारी गरिएको छ।

<u>परिच्छेद - १</u>

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० रहेको छ।

(१) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएका घर रहेको जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफुल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानुन बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँछ।

(ख) "ऐन" भन्नाले भूउपयोग ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो संचालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्ट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँछ।

(घ) "कृषि क्षेत्र" भन्नाले कृषि बालि उत्पादन, पशुपन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरी पालन, रेशम खेति लगायत कृषिजन्य उत्पादन, वागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ङ) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, संचय गर्ने प्रयोजनले छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(च) "नदी, खोला, ताल, सिमसार क्षेत्र" भन्नाले नदी, खोलानाला, खोल्सी, ताल तलैया, सिमसार लगायतका अन्य पानीजन्य क्षेत्रलाई समेत जनाउँछ।

(छ) "नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ सम्झनु पर्छ।

(ज) "प्रदेश भूउपयोग परिषद्" भन्नाले भूउपयोग ऐन, २०७६ को दफा १६ बमोजिमको प्रदेश

भूउपयोग परिषद् सम्झनु पर्छ।

(झ) "भूउपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ। भूमिको उपयोगले कृषि, वन, आवासीय, व्यवसायिक, औद्योगिक, सार्वजनिक उपयोग, खानी तथा खनिज, नदी खोला ताल तथा सिमसार, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र नेपाल सरकारबाट तोकिएका अन्य क्षेत्रलाई सम्झनु पर्छ।

(ञ) "भूउपयोग कार्यक्रम" भन्नाले भूमिको व्यवस्थित एवम् समुचित उपयोगको वातावरण सिर्जना गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहबाट संचालन गरिएका/गरिने भूउपयोग सम्बन्धी कार्यक्रमहरुलाई सम्झनु पर्छ।

(ट) "भूउपयोग योजना" भन्नाले निश्चित समयमा तोकिएको लक्ष्य प्राप्तीका लागि उपलब्ध भएको भूमि र भूमि श्रोतको महत्तम प्रयोग गरी लक्ष्य प्राप्त गर्नका लागि तयार गरिएको क्रियाकलापहरुको समग्रतालाई बुझिन्छ र यसै परिप्रेक्षमा भूमिको दीगो एवम् व्यवस्थित उपयोग गर्न ऐनको दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ठ) "भूउपयोग नक्सा डाटा" भन्नाले भूउपयोग सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने वर्तमान भूउपयोग नक्सा, भूमि प्रणाली नक्सा, माटो नक्सा, भूक्षमता नक्सा, भूउपयोग क्षेत्र नक्सा, विभिन्न किसिमका जोखिम क्षेत्रका नक्साहरु र स्थानीय तहको भूउयोग सम्बन्धी प्रोफाइलको डाटा विवरण तथा तत्सम्बन्धी भौगोलिक सूचना साथै नियमावलीको नियम ४ बमोजिम तयार गरिएको भूउपयोग क्षेत्र नक्सा तथा सोको विवरण समेत सम्झनु पर्छ।

(ड) "भूउपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम बर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ढ) "भूउपयोग क्षेत्र नक्सा/डाटा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको नक्सा/डाटा र तत्सम्बन्धी भौगोलिक सूचना सम्झनु पर्छ।

(ण) "भू-सूचना प्रणाली" भन्नाले भूउपयोग क्षेत्र आद्यावधिक गर्न आवश्यक पर्ने कम्पुटरमा आधारित भौगोलिक डाटा प्रयोग गर्न मिल्ने प्रणाली सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(थ) "व्यावसायिक क्षेत्र" भन्नाले बैंक, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्रघर, स्वास्थ्य, संचार, मनोरन्जन सम्बन्धि सेवा, सुचना तथा परामर्श उपलब्ध गराउनेसंस्था, अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएका जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ। र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरि प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(द) "वन क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(ध) "विभाग" भन्नाले नापी विभाग सम्झनु पर्छ।

(न) "स्थानीय तह" भन्नाले महा/उप-महा/नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

(न) “स्थानीय भूउपयोग परिषद्” भन्नाले भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिमको स्थानीय भूउपयोग परिषद् सम्झनु पर्छ।

(प) “स्थानीय भूउपयोग कार्यान्वयन समिति” भन्नाले भूउपयोग ऐन, २०७६ को दफा २० बमोजिमको स्थानीय भूउपयोग कार्यान्वयन समिति सम्झनु पर्छ।

(फ) “सङ्घीय भूउपयोग परिषद्” भन्नाले भूउपयोग ऐन, २०७६ को दफा १४ बमोजिमको सङ्घीय भूउपयोग परिषद् सम्झनु पर्छ।

(ब) “सार्वजनिक उपयोगको क्षेत्र” भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्यष्टिस्थल, सडक, सिँचाई, कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यानम बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भावन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(भ) “सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र” भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्त्वका दरबार तथा प्रचलित कानुन बमोजिम संस्कृतक तथा पुरातात्त्विक महत्त्वका भनि तोकिएका क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद-२

## भूउपयोग नक्सा डाटा सम्बन्धी व्यवस्था

३. **भूउपयोग नक्सा डाटाको भण्डारण तथा संरक्षणः** (१) मन्त्रालय वा अन्तर्गतका निकायबाट तयार गरी हस्तान्तरण भएको भूउपयोग नक्सा डाटा प्रदेशको भूमि सम्बन्धी हेर्ने मन्त्रालयले र स्थानीय तहले सुरक्षित तबरबाट संरक्षण तथा भण्डारण गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको भूउपयोग नक्सा डाटालाई प्रदेशको भूमि सम्बन्धी हेर्ने मन्त्रालयले र स्थानीय तहले भण्डारण, उपयोग तथा सञ्चालन गर्न आवश्यक पर्ने प्रणाली, जनशक्ति र पूर्वाधारको समुचित व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भण्डारण, उपयोग तथा सञ्चालन गर्न प्रदेशको भूमि सम्बन्धी हेर्ने मन्त्रालयले वा स्थानीय तहले नापी विभागसंग प्राविधिक सहयोग माग गर्न सक्नेछ र त्यसरी माग भई आएमा नापी विभागले प्रविधिक सहयोग गर्नु पर्नेछ।

४. **भूउपयोग नक्सा डाटाको पुनः प्राप्तिः** (१) भूउपयोग कार्यान्वयनका लागि हस्तान्तरण भएको भूउपयोग नक्सा डाटा हराएमा वा नष्ट भएमा वा प्रयोगमा ल्याउन नसकिने भई पुनः प्राप्तिको लागि सम्बन्धित प्रदेश भूउपयोग परिषद वा स्थानीय भूउपयोग परिषद्को निर्णय भई आएमा नापी विभागले भूउपयोग नक्सा डाटा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भूउपयोग नक्सा डाटा माग गर्दा सम्बन्धित भूउपयोग परिषद्को

निर्णय, भूउपयोग नक्सा डाटा भण्डारण गर्ने उपकरणसहित कर्मचारी नापी विभागमा उपस्थित हुनु पर्नेछ।

(३) नापी विभागले भूउपयोग नक्सा डाटा बुझाउँदा वुझिलिने कर्मचारीको परिचयपत्रको प्रतिलिपि र बुझाएको भर्पाइको अभिलेख राख्नु पर्नेछ।

५. **<u>अद्यावधिक गरिएको भूउपयोग नक्सा डाटाको पुनः प्राप्तिः</u>** (१) स्थानीय भूउपयोग परिषदले अद्यावधिक गरी संघीय भूउपयोग परिषद, प्रदेश भूउपयोग परिषद र नापी विभागलाई उपलब्ध गराएको भूउपयोग नक्सा डाटा हराएमा वा नष्ट भएमा वा प्रयोगमा ल्याउन नसकिने भएमा त्यस्तो भूउपयोग नक्सा डाटा दफा ४ बमोजिमको प्रक्रिया अबलम्बन गरी संघीय भूउपयोग परिषद वा प्रदेश भूउपयोग परिषद वा नापी विभागबाट पुनः प्राप्ति गर्नु पर्नेछ।

(२) नापी विभागमा प्राप्त भएको अद्यावधिक भूउपयोग नक्सा डाटा हराएमा वा नष्ट भएमा वा प्रयोगमा ल्याउन नसकिने भएमा त्यस्तो भूउपयोग नक्सा डाटा सम्बन्धित प्रदेश वा स्थानीय तहबाट प्राप्त गर्नु पर्नेछ।

## परिच्छेद-३

## <u>संरचनागत व्यवस्था</u>

६. **<u>संघीय भूउपयोग परिषद्को विशेषज्ञ सदस्य सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले विशेषज्ञ सदस्यहरूसहितको संघीय भूउपयोग परिषदलाई यो निर्देशिका जारी हुँदासम्म पूर्णता दिईनसकेको भए निर्देशिका जारी भएको मितिले १५ दिनभित्र ऐनको दफा १४ को उपदफा (१) खण्ड (ञ) बमोजिमको विशेषज्ञ सदस्य पदमा मनोनयनका लागि मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद् समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम विशेषज्ञ सदस्य पदमा सिफारिस गर्नुपर्दा देहायबमोजिमको योग्यता पुगेको व्यक्तिमध्येबाट सिफारिस गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्विद्यालयबाट भूमि वा कृषि वा वन वा सहरी योजना वा वातावरण वा अर्थशास्त्र वा भूगोल वा भूगर्भ वा विकास प्रशासन वा समाजशास्त्र वा सार्वजनिक नीति विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको,

(ग) खण्ड (ख) बमोजिमको क्षेत्रमा कम्तीमा १० वर्ष कार्यानुभव भएको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको।

(३) यो निर्देशिका जारी हुनुअघि विशेषज्ञ सदस्यहरू मनोनित भैसकेको अवस्थामा यसै दफा बमोजिम मनोनित भएको मानिने छ ।

७. **<u>संघीय भूउपयोग परिषद्को कार्य प्रारम्भः</u>** (१) मन्त्रालयले ऐनको दफा १४ बमोजिम गठित संघीय भूउपयोग परिषद्को यो निर्देशिका जारी भए पश्चातको पहिलो बैठक निर्देशिका जारी भएको मितिले एक

महिनाभित्र बोलाउनु पर्नेछ।

(२)संघीय भूउपयोग परिषद्को बैठक बर्षमा कम्तीमा दुईपटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) संघीय भूउपयोग परिषद्को सदस्यसचिव मन्त्रालयको योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा हेर्ने सहसचिव हुनेछ।

(४) संघीय भूउपयोग परिषद्को काम कर्तव्य र अधिकार ऐनको दफा ४ को उपदफा (५), दफा १५, नियमावलीको नियम ६ को उपनियम (२), नियम ११ को उपनियम (५) र (६) बमोजिम हुनेछ।

(५) संघीय भूउपयोग परिषद्को काममा आवश्यक सहजीकरणका लागि देहायबमोजिमको समिति रहनेछः-

(क) सदस्य सचिव, संघीय भूउपयोग परिषद् - संयोजक,

(ख) महानिर्देशक, भूमि व्यवस्थापन तथा अभिलेख विभाग- सदस्य

(ग) महानिर्देशक, नापी विभाग- सदस्य

(घ) कार्यकारी निर्देशक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र - सदस्य

(ङ) निर्देशक, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, जग्गा प्रशासन शाखा- सदस्य

(च) प्रमुख नापी अधिकृत, नापी विभाग, भूउपयोग विज्ञ शाखा- सदस्य

(छ) उपसचिव, नापनक्सा भौगोलिक सूचना तथा भूउपयोग शाखा, मन्त्रालय- सदस्यसचिव

८. <u>प्रदेश भूउपयोग परिषद्को विशेषज्ञ सदस्य सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारको भूमि हेर्ने मन्त्रालयले ऐनको दफा १६को उपदफा (१) खण्ड (ग) बमोजिमको विशेषज्ञ सदस्य पदमा मनोनयनका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विशेषज्ञ सदस्य पदमा सिफारिस गर्दा देहायबमोजिमको योग्यता पुगेको व्यक्तिमध्यबाट सिफारिस गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्विद्यालयबाट भूमि वा कृषि वा वन वा सहरी योजना वा वातावरण वा अर्थशास्त्र वा भूगोल वा समाजशास्त्र वा सार्वजनिक नीति वा भूगर्भ विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,

(ग) खण्ड (ख) बमोजिमको क्षेत्रमा कम्तीमा १० वर्ष कार्यानुभव भएको,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको।

९. <u>प्रदेश भूउपयोग परिषद्को कार्य प्रारम्भः</u> (१) यो निर्देशिका जारी भएको मितिसम्म प्रदेश भूउपयोग परिषद्को बैठक बसिनसकेको भए प्रदेशको भूमि सम्बन्धी हेर्ने मन्त्रालयले यथाशीघ्र सो बैठक बस्ने

व्यवस्था मिलाउनु पर्नेछ ।

(२) प्रदेश भूउपयोग परिषद्को बैठक बर्षमा कम्तीमा दुइपटक र आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) प्रदेश भूउपयोग परिषद्को काम कर्तव्य र अधिकार ऐनको दफा ८ को उपदफा (५), दफा १७ र नियमावलीको नियम ११ को उपनियम (४) र उपनियम (६) बमोजिम हुनेछ।

(४) प्रदेश भूउपयोग परिषद्को काममा आवश्यक सहजीकरणका एक विज्ञ समिति गठन गर्न सकिनेछ।

१०.<u>स्थानीय भूउपयोग परिषदको कार्य प्रारम्भः</u> यो निर्देशिका जारी हुँदाका बखतसम्म पनि कुनै स्थानीय भूउपयोग परिषद्को कार्य प्रारम्भ भएको रहेनछ भने यो निर्देशिका जारी भएपश्चात यथाशीघ्र स्थानीय भूउपयोग परिषद्को बैठक बोलाउनु पर्नेछ।

११.<u>स्थानीय भूउपयोग परिषदको काम, कर्तव्य र अधिकारः</u>स्थानीय भूउपयोग परिषदको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) भूउपयोग क्षेत्रमा बर्गीकरण गर्दा नियमावलीको नियम ५ को उपनियम (१) वमोजिम गर्ने,

(ख) भूउपयोग क्षेत्र बर्गीकरण सम्बन्धी प्राविधिक डाटा मोडेल तथा स्पेसिफिकेशन आवश्यक परेमा विभागसंग माग गर्ने।

(ग) भूउपयोग क्षेत्र बर्गीकरण गर्दा संघीय वा प्रदेशस्तरको योजना सञ्चालनमा रहेका वा सञ्चालन हुने भनि तोकिएका क्षेत्रहरुलाई सोही वमोजिम बर्गीकरण गर्ने,

(घ) भूउपयोग क्षेत्र बर्गीकरण सम्बन्धी सूचना जानकारीको लागि स्थानीय पत्र पत्रिका र विद्युतिय सञ्चार माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने,

(ङ) भूउपयोग क्षेत्र बर्गीकरण सम्बन्धी सूचना सूचनाको प्रचार प्रसार गर्न कार्यन्वयन समितिलाई निर्देशन दिने,

(च) स्थानीय भूउपयोग परिषद्ले बर्गीकरण गरिसकेको क्षेत्रमा नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको वर्गिरकण भन्दा कुनै फरक योजना सञ्चालन गर्न लेखि आएमा सो वमोजिम बर्गीकरण क्षेत्र अद्यावधिक गर्ने,

(छ) मन्त्रालयले हस्तान्तरण गरेको भूउपयोग नक्सा डाटालाई आवश्यकता वमोजिम अद्यावधिक गरी लागू गर्ने,

(ज) स्थानीय भूउपयोग योजना स्वीकृत गरी लागू गर्ने,

(झ) भूउपयोग परिवर्तनको लागि आधार र कारण खुलाई निर्देशिकाको अनुसूची ३ वमोजिमको ढाँचामा परेका निवेदन संकलन गर्ने,

(ञ) भूउपयोग परिवर्तनको लागि परेका निवेदन उपर प्राविधिक सहयोग समेत लिइ छानबिन गर्ने,

(ट) भूउपयोग परिवर्तनको लागि परेका निवेदन वा आफ्नो क्षेत्र भित्रको कुनै जग्गाको भूउपयोग क्षेत्र परिवर्तन गर्नु पर्ने भएमा स्पष्ट आधार र कारण सहित प्रदेश भूउपयोग परिषद् समक्ष सिफारिस गर्ने,

(ठ) भूउपयोग क्षेत्र परिवर्तनका लागि परेका निवेदन प्रदेश भूउपयोग परिषद्मा पठाउदा एकमुष्ट रुपमा पुष मसान्त र असार मसान्तमा पठाउने,

(ड) भूउपयोग क्षेत्र परिवर्तन हुने निर्णय भइ आएमा त्यस्तो जग्गाको भूपउयोग क्षेत्र परिवर्तन गरी सो सूचना स्थानीय तहलाई प्रकाशन गर्न लगाउने,

(ढ) भूमि सम्बन्धी लगत सङ्कलन, विश्लेषण र उपयोग गर्ने,

(ण) आवश्यकता र औचित्यताको आधारमा भूउपयोग उपक्षेत्रको संख्या, प्रकार र सो निर्धारण गर्ने आधार र मापदण्ड निर्धारण गरी लागु गर्ने।

(त) स्थानीय तहको भूउपयोग योजना कार्यान्वयनको प्रक्रिया र मापदण्ड तयार गरी लागू गर्ने,

(थ) भूउपयोग योजना कार्यान्वयनको अनुगमन गर्ने,

(द) तोकिएको उपयोगभन्दा फरक उपयोग गरेकोमा कारबाही गर्ने,

(ध) भूउपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई पुरस्कृत गर्ने,

(न) धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक सार्वजनिक, सामुदायिक, स्थलहरूको संरक्षण गर्ने,

(ऩ) आफ्नो तहको भूउपयोग सम्बन्धी आवश्यक नीतिहरू तर्जुमा गरी पारित गर्ने,

(प) स्थानीय भूउपयोग कार्यान्वयन समितिमा सरकोकारवालाहरु मध्येबाट दुइ जना महिला सहित चार जना सदस्य तोक्ने

(फ) भूउपयोग बर्गीकरणको सूचना तथा नक्सा डाटा विभाग, प्रदेश भूउपयोग परिषद् र संघीय भूउपयोग परिषद्मा पठाउनु पर्ने छ।

(ब) भूउपयोग बर्गीकरणको सूचना स्थानीय भूउपयोग परिषदको निर्णय समेत संलग्न गरी मालपोत तथा नापी कार्यालयमा पठाउने।

१२.**<u>स्थानीय भूउपयोग कार्यान्वयन समितिको काम कर्तव्य र अधिकारः</u>** स्थानीय भूउपयोग कार्यान्वन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत भूउपयोग योजना कार्यान्वयन गर्ने,

(ख) बर्गीकृत क्षेत्रको सूचना सरोकारवालाको जानकारीको लागि सार्वजनिक गर्ने,

(ग) प्रत्येक वडाको वडास्तरीय भूउपयोग योजना तयार गर्ने,

मस्यौदा

(घ) वडास्तरीय भूउपयोग योजना वडा समितिबाट अनुमोदन गराई सोका आधारमा स्थानीय तहको समष्टिगत भूउपयोग योजना तयार पारी स्थानीय भूउपयोग परिषद्मा पेश गर्ने,

(ङ) भूउपयोग सम्बन्धी कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्याहरू समाधानको लागि विकल्प सहित स्थानीय भूउपयोग परिषद्मा पेश गर्ने,

(च) भूमिको संरक्षण र दीगो उपयोगको लागि सचेतना अभिवृद्धि गर्ने,

(छ) तोकिएको उपयोगभन्दा फरक उपयोग गरेकोमा त्यस्तो जग्गाको कित्ता तथा जग्गाधनी पहिचान गरी कारबाहीको लागि स्थानीय भूउपयोग परिषद्मा सिफारिस गर्ने,

(ज) कृषियोग्य जमीन बाँझो रहे नरहेको अनुगमन गरी बाँझो रहेका कित्ताहरुको विवरण तयार गरी स्थानीय भूउयोग परिषद्मा पेश गर्ने,

(झ) सामुदायिक भूमिको पहिचान गरी सामुहिक हितमा उपयोगको व्यवस्था मिलाउने,

(ञ) भूउपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थाको पहिचान गरी स्थानीय भूउपयोग परिषद्मा पुरस्कारको लागि सिफारिस गर्ने,

(ट) भूउपयोग कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका समस्याहरू समाधानको लागि विकल्प सहित जग्गा खण्डीकरण निरुत्साहित हुने ढंगले स्थानीय भूउपयोग परिषद्मा पेश गर्ने।

१३. <u>मन्त्रालयः</u> मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) नापी विभागसंग समन्वय गरी स्थानीय तहको भूउपयोग नक्सा डाटा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने,

(ख) स्थानीय तहहरुसँग समन्वय र परामर्श गरी भूउपयोग कार्यक्रम संचालन हुने स्थानीय तहको नाम, कार्यक्रम सञ्चालन हुने मिति खुलेको सुचना नेपाल राजपत्रमा प्रकाशन गर्न नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) ऐन दफा ६ को उपदफा (१) वमोजिम दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र तयार गरी स्वीकृतिको लागि नेपाल सरकारसमक्ष पेश गर्ने,

(घ) ऐनको दफा ६ वमोजिम संघीय भूउपयोग योजना तयार गरी संघीय भूउपयोग परिषद्बाट स्वीकृत गराई लागू गर्ने।

(ङ) ऐनको दफा १० को उपदफा (२) वमोजिम चक्लावन्दी कार्यक्रम गर्ने, गराउने,

(च) भूउपयोग योजना तर्जुमा, चक्लावन्दी र जग्गा एकीकरण कार्यक्रमलाई प्रोत्साहान गर्न आवश्यक छुट र सुविधाका कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ञ) वमोजिमका विशेषज्ञहरु समावेशिताका आधारमा मनोनित गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) कृषि योग्य जमीनको अधिकतम उपयोग गर्ने कृषकलाई प्रोत्साहन गर्न सञ्चालन गरिने कार्यक्रमहरु नेपाल सरकार समक्ष सिफारिस गर्ने

(झ) संघीय भूउपयोग परिषद्‌को सचिवालयको रुपमा काम गर्ने,

(ञ) स्थानीय भूउपयोग परिषद्‌ले अद्यावधिक गरी उपलब्ध गराएको, भूउपयोग क्षेत्र बर्गीकरणको विवरण, भूउपयोग क्षेत्र नक्सा डाटा र चक्लावन्दी सम्बन्धी विवरणलाइ अभिलेखीकरण गर्ने,

(ट) भूउपयोग कार्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवाला मन्त्रालय र अन्य निकायहरुसंग समन्वय गर्ने,

१४.<u>भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालयः</u> भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) ऐन दफा ६ को उपदफा (१) वमोजिम आफ्नो प्रदेश भित्रको दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र तयार गरी स्वीकृतिको लागि प्रदेश सरकारसमक्ष पेश गर्ने,

(ख) संघीय भूउपयोग योजनासंग प्रतिकुल नहुँने गरी प्रदेश भूउपयोग योजना तयार गरी प्रदेश भूउपयोग परिषद्‌बाट स्वीकृत गराई लागु गर्ने,

(ग) ऐनको दफा १० को उपदफा (२) वमोजिम चक्लावन्दी कार्यक्रम गर्ने, गराउने,

(घ) भूउपयोग योजना तर्जुमा, चक्लावन्दी र जग्गा एकिकरण कार्यक्रमलाई प्रोत्साहान गर्न आवश्यक छुट र सुविधाका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) ऐनको दफा १६ को उपदफा (१)को खण्ड (ग) वमोजिम समावेशिताका आधारमा सदस्य मनोनित गर्न प्रदेश सरकार समक्ष पेश गर्ने,

(च) प्रदेश भूउपयोग परिषद्‌को सचिवालयको रुपमा काम गर्ने,

(छ) स्थानीय भूउपयोग परिषद्‌ले अद्यावधिक गरी उपलब्ध गराएको भूउपयोग क्षेत्र बर्गीकरणको विवरण र भूउपयोग क्षेत्र नक्सा डाटा अभिलेखीकरण गर्ने,

(ज) कृषियोग्य जमीनको अधिकतम उपयोग गर्ने कृषकलाई प्रोत्साहन गर्न सञ्चालन गरिने कार्यक्रमहरु प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(झ) भूउपयोग कार्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवाला मन्त्रालय र अन्य निकायहरुसंग समन्वय गर्ने,

१५.<u>स्थानीय तहको काम, कर्तव्य र अधिकारः</u> स्थानीय तहको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) भूउपयोग कार्यक्रम सञ्चालन सम्बन्धमा सरोकारवाला निकायहरुलाई परामर्श दिने,

(ख) मन्त्रालयबाट भूउपयोग कार्यान्वयनका लागि हस्तान्तरण भएको भूउपयोग नक्सा डाटा हराएमा वा नष्ट भएमा वा प्रयोगमा ल्याउन नसकिने भई पुनः प्राप्त गर्न आवश्यक भएमा स्थानीय भूउपयोग परिषद्‌को निर्णय गराई नापी विभागसंग माग गर्ने,

(ग) आफ्नो कार्यक्षेत्रभित्र सञ्चालन हुने भूउपयोग कार्यक्रमको सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(घ) ऐनको दफा ४ को उपदफा (१) वमोजिम बर्गीकरण गरिएका क्षेत्र वाहेकको थप भूउपयोग क्षेत्रमा बर्गीकरण गर्न आवश्यक देखेमा संघीय भूउपयोग परिषद्मा पेश गर्ने,

(ङ) मन्त्रालयले हस्तान्तरण गरेको नक्सा डाटा सुरक्षित भण्डारण तथा अभिलेखिकरण गरी त्यस्तो डाटा सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गर्ने,

(च) ऐनको दफा ६ वमोजिम दीर्घकालीन भूउपयोग योजनाको आधारपत्र तयार गर्ने तथा संघीय र प्रदेशस्तरिय भूउपयोग योजनासंग प्रतिकुल नहुने गरी स्थानीय भूउपयोग योजना तयार गरी स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत गराई लागु गर्ने,

(छ) भूउपयोग योजना तयार गर्दा ऐनको दफा ६ को उपदफा (८) का क्षेत्र देखिने आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबग्लै योजना तर्जुमा गर्ने,

(ज) भूउपयोग क्षेत्र बर्गीकरण नक्सा वमोजिम आफ्नो क्षेत्र भित्रको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा तत्-तत् क्षेत्र देखिने गरी अद्यावधिकको लागि सम्बन्धित मालपोत तथा नापी कार्यालयमा लेखी पठाउने,

(झ) भूउपयोग क्षेत्र बर्गीकरण गरिएको सूचना सम्बन्धित स्थानीय तहले सर्वसाधारणको जानकारीको लागि स्थानीय राजपत्र, स्थानीय पत्र पत्रिका, वेबसाइट, स्थानीय कार्यपालिको कार्यालय र वडा कार्यालयको सूचनापाटीमा प्रकाशन गरी जग्गाधनी दर्ता प्रमाण पूर्जामा भूउपयोग क्षेत्र अद्यावधिक गर्न सर्वसाधारणलाई जानकारी गराउने,

(ञ) भूउपयोग क्षेत्र थप वा परिवर्तन हुने अवस्थामा मालपोत तथा नापी कार्यालयहरुमा पुनः नक्सा डाटा अद्यावधिको लागि लेखि पठाई र सोको सूचना स्थानीय राजपत्र, स्थानीय पत्र पत्रिका, वेबसाइट, स्थानीय कार्यपालिको कार्यालय र वडा कार्यालयको सूचनापाटीमा प्रकाशन गरी जग्गाधनी दर्ता प्रमाण पूर्जामा भूउपयोग क्षेत्र अद्यावधिक गर्न सर्वसाधारणलाई जानकारीको गराउने,

(ट) कृषिको आधुनिकीकरण, यान्त्रीकरण, व्यावसायीकरण, सहकारी खेती, सामुहिक खेती गर्ने प्रयोगजनको लागि सम्बन्धित जग्गाधनीको सहमतिमा साँध सिमाना जोडिएको कित्ता जग्गाको एकीकरण गरी चक्लावन्दी कार्यक्रम सञ्चालन गर्ने,

(ठ) स्थानीय भूउपयोग परिषद्को सचिवालयको रुपमा काम गर्ने,

(ड) ऐनको दफा २० बमोजिम स्थानीय भूउपयोग कार्यान्वयन समिति गठन गर्ने,

१६.<u>नापी विभागको काम, कर्तव्य र अधिकारः</u> नापी विभागको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय तहलाई भूउपयोग नक्सा डाटा हस्तान्तरण गर्ने,

(ख) स्थानीय तहबाट भूउपयोग नक्सा डाटा पुनः माग भएमा उपलब्ध गराउने,

(ग) स्थानीय तहबाट भूउपयोग नक्सा डाटा अद्यावधिक गर्न अनुरोध भई आएमा प्राविधिक सहयोग उपलब्ध गराउने,

(घ) स्थानीय तहबाट अद्यावधिक गरी उपलव्ध गराईएको भूउपयोग क्षेत्र बर्गीकरणको विवरण तथा नक्सा डाटा अभिलेखिकरण गर्ने,

(ङ) भूउपयोग कार्यान्विन सम्बन्धी विषयमा संघीय भूउपयोग परिषद् तथा प्रदेश भूउपयोग परिषद्लाई राय सुझाव प्रदान गर्ने।

१७.<u>भूमि व्यवस्थापन तथा अभिलेख विभागको काम, कर्तव्य र अधिकारः</u> भूमि व्यवस्थापन तथा अभिलेख विभागको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) भूउपयोग कार्यक्रम कार्यान्वियनसंग सम्बन्धित विषयमा देखिएका समस्याहरु समाधानका लागि मन्त्रालयसंग निर्देशन माग गर्ने,

(ख) भूउपयोग कार्यक्रम कार्यान्वयन सम्बन्धमा सरोकारवाला निकायहरुबाट सुझाव माग भई आएमा सुझाव उपलव्ध गराउने,

(ग) जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जामा भूउपयोग क्षेत्र वमोजिमको विवरण अद्यावधिक गर्न भूसूचना प्रणाली (Land Record Information Management System, LRIMS) मा आवश्यक प्रवन्ध मिलाउने।

१८.<u>नापी कार्यालयको काम, कर्तव्य र अधिकारः</u> नापी कार्यालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय भूउपयोग परिषद्लाई आवश्यकता अनुसार भूउपयोग कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने,

(ख) स्थानीय भूउपयोग परिषद्ले निर्णय गरेअनुसारको भूउपयोग बर्गीकरणको कित्तागत विवरण तयार गर्न लेखी आएमा नापी विभागसंग समन्वय र विभागको निर्देशन बमोजिम आवश्यक सहयोग गर्ने,

(ग) स्थानीय भूउपयोग परिषद्ले निर्णय गरेअनुसारको भूउपयोग बर्गीकरण सम्बन्धी कित्तागत विवरण अद्यावधिकको लागि लेखी आएमा कित्तानापी डाटावेसमा विवरण अद्यावधिक गर्ने,

(घ) स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत भएको कित्ताको प्राविधिक विवरणको संरक्षण र सुरक्षा गर्ने।

१९.<u>मालपोत कार्यालयको काम, कर्तव्य र अधिकारः</u> मालपोत कार्यालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) स्थानीय भूउपयोग परिषद्लाई आवश्यकता अनुसार भूउपयोग कार्यक्रम कार्यान्वयमा सहयोग गर्ने,

(ख) स्थानीय भूउपयोग परिषद्ले निर्णय गरे अनुसारको भूउपयोग बर्गीकरणको कित्तागत विवरण तयार गर्न लेखी आएमा आवश्यक सहयोग गर्ने,

(ग) स्थानीय भूउपयोग परिषद्ले निर्णय गरे अनुसारको भूउपयोग बर्गीकरण सम्वन्धी कित्तागत विवरण अद्यावधिकको लागि लेखी आएमा आफ्नो श्रेस्ता एवं Land Record Information Management System (LRIMS) डाटावेसमा अद्यावधिक गर्ने,

(घ) जग्गाधनी प्रमाणपुर्जामा स्थानीय भूउपयोग परिषद्ले गरेको निर्णय अनुसारको भूउपयोग क्षेत्र बर्गीकरणको विवरण उल्लेख गर्ने।

## परिच्छेद ४.
## भूउपयोग क्षेत्र बर्गीकरण सम्बन्धी कार्यविधि

२०. **भूउपयोग नक्सा डाटाको अध्ययन विश्लेषण:** (१) विभागबाट प्राप्त भूउपयोग नक्सा डाटा स्थानीय भूउपयोग परिषद् र भूउपयोग कार्यान्वयन समितिको सयुक्त वैठकमा स्थानीय तहको सम्बन्धित शाखाले अध्ययन विश्लेषणका लागि प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भूउपयोग नक्सा डाटा प्रस्तुत गर्दा देहाय बमोजिम भएको एकिन गर्ने:-

(क) सम्बन्धित स्थानीय तहको भौगोलिक क्षेत्रभित्रको नक्सा डाटा पर्याप्त भए नभएको,

(ख) सम्बन्धित स्थानीय तहको बर्गीकृत क्षेत्रको प्रकारको यकिन गर्ने,

(ग) नापी विभागबाट प्राप्त भएको भूउपयोग नक्सा डाटा र बर्गीकृत क्षेत्र नियमावलीको नियम ८ बमोजिम भए नभएको यकिन गर्ने,

(घ) सम्बन्धित स्थानीय तहभित्र संघीय वा प्रदेश स्तरीय योजना सञ्चालनमा रहेको वा सञ्चालन हुने भनी तोकिएका क्षेत्र भए नभएको यकिन गर्ने,

(ङ) नेपाल सरकार वा प्रदेश सरकार वा सम्बन्धित स्थानीय तहमा कुनै नीतिगत निर्णय वा स्वीकृत मापदण्ड अनुरूप भए नभएको यकिन गर्ने,

(च) बर्गीकरणको कुनै क्षेत्रभित्र उपक्षेत्र आवश्यक पर्ने नपर्ने यकिन गर्ने।

(३) उपदफा (२) बमोजिम प्रस्तुत भएको भूउपयोग नक्सा डाटा र बर्गीकृत क्षेत्रले सम्बन्धित स्थानीय तहको आवश्यकता र नियमावलीको नियम ८ बमोजिम सम्बोधन हुने देखिएमा भूउपयोग क्षेत्र बर्गीकरण र योजना तर्जुमाको प्रक्रिया अगाढी बढाउने।

(४) उपदफा (३) बमोजिको विश्लेषणबाट स्थानीय आवश्यकता सम्बोधन हुने देखिएमा विभागबाट स्थानीय तहमा प्राप्त भूउपयोग नक्सा डाटा र भूउपयोग क्षेत्र बर्गीकरणलाई स्वीकृतिका लागि भूउपयोग कार्यान्वयन समितिद्वारा स्थानीय भूउपयोग परिषद्‌मा सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिको विश्लेषणबाट स्थानीय आवश्यकता सम्बोधन हुने नदेखिएमा ऐन, नियमावलीको नियम ८, प्रस्तुत निर्देशिका र नीतिगत निर्णय तथा स्वीकृत मापदण्ड समेतको आधारमा स्थानीय भूउपयोग क्षेत्र बर्गीकरणका लागि दफा २१ बमोजिम बर्गीकरणको आधार र मापदण्ड तयार गर्नु पर्नेछ।

२१. <u>बर्गीकरणको आधार र मापदण्डः</u> (१) स्थानीय तहले भूउपयोग क्षेत्र बर्गीकरणका लागि देहाय बमोजिमको आधार र मापदण्डलाई आधार लिनु पर्नेछः-

(क) नियमावलीको नियम ८ बमोजिमको बर्गीकरणको मापदण्ड,

(ख) ऐनको दफा ४(७) बमोजिम सङ्घीय वा प्रदेशस्तरको योजना संचालन रहेका वा संचालन हुने भनि तोकिएका क्षेत्रहरु,

(ग) सम्बन्धित स्थानीय तहको विभिन्न वडाका उपयुक्त स्थानहरुमा विकास निर्माण एवं पूर्वाधारका लागि आवश्यक पर्ने जमीनको आँकलन,

(घ) भूमिको वस्तुस्थिति,

(ङ) जनसंख्या वृद्धिदर

(च) खाद्य तथा आवासको आवश्यकता,

(छ) आर्थिक विकास र पूर्वाधार निर्माणको आवश्यकता,

(ज) जोखिम क्षेत्रको पहिचान र वातावरण सन्तुलन।

(झ) सम्बन्धित स्थानीय तहको भूउपयोग नीति

(ञ) सम्बन्धित स्थानीय तहको दीर्घकालीन सोच

(२) सम्बन्धित स्थानिय तहको स्थानिय भूउपयोग परिषद्‌बाट उपदफा (१) बमोजिमको कार्य गर्दा देहाय बमोजिम ध्यान पुऱ्याउनु पर्नेछः-

(क) कृषियोग्य जग्गाको संरक्षणलाई प्राथमिकतामा राखे,

(ख) सामान्यतयाः व्यक्तिगत स्वामित्वमा रहेका कित्ताहरु सार्वजनिक उपयोगको क्षेत्रमा बर्गीकरण नगर्ने,

(ग) कृषियोग्य जग्गाको बीचबाट कुनै सडक निर्माण भएको रहेछ भने त्यस्तो सडकलाई आवास क्षेत्र बर्गीकरणको आधार नलिने,

(घ) ग्रामीण क्षेत्रमा एउटै कित्ता घर, करेसावारी, फलफुल खेती तथा कृषि प्रयोजनमा उपयोग

गरिएको रहेछ भने स्थानीय तहको आवश्यकता र औचित्यताका आधारमा कृषि क्षेत्रमा बर्गीकरण गर्न सकिने,

(ङ) आवासीय क्षेत्रमा बर्गीकरणका लागि सम्बन्धित स्थानीय तहले आवासको लागि तोकेको न्यूनतम मापदण्ड पुगे नपुगेको कुरालाई ध्यान दिने

(च) बर्गीकरणको कुनै क्षेत्रभित्र उपक्षेत्र आवश्यक पर्ने भए सोको समेत पहिचान गरी आवश्यकता अनुसार अभिलेखीकरण गर्ने

२२. <u>स्थानीय तहको आधार तथा मापदण्ड स्वीकृतः</u> (१) दफा २१ बमोजिम आधार र मा पदण्ड तयार गर्न स्थानीय भू उपयोग समितिले आवश्यकता अनुसार एक विज्ञ समिति गठन गरी सहयोग लिन सक्नेछ।

(२) दफा २१ बमोजिम तयार हुने आधार र मापदण्ड स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत गर्नुपूर्व स्थानीय भूउपयोग परिषद्ले सम्बन्धित सरोकारवाला पक्षहरूसँग छलफल गरी प्राप्त सुझावहरूलाई समेत समावेश गर्न सक्नेछ।

(३) दफा २१बमोजिम तयार भएको आधार र मापदण्ड सम्बन्धित स्थानीय तहमा रहेका भूउपयोग कार्यान्वयन समितिहरूको सिफारिसमा स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत गर्नु पर्नेछ।

२३. <u>भूउपयोग क्षेत्र बर्गीकरण र भूउपयोग नक्सा परिमार्जन तथा अद्यावधिकः</u> (१) स्थानीय तहको सम्बन्धित शाखाले दफा २२ बमोजिम स्वीकृत भएको आधार र मापदण्डका आधारमा भूउपयोग क्षेत्र बर्गीकरण गरी सो बमोजिम विभागबाट प्राप्त भूउपयोग नक्सा डाटामा बर्गीकरणका क्षेत्रहरू अनुसूची १ बमोजिम अद्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम भूउपयो नक्सा डाटा अद्यावधिक गर्दा नापी नापी विभागले तोकेको स्पेसिफिकेसन र मोडेल बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको भूउपयोग नक्सा डाटालाई भूउपयोग कार्यान्वयन समिति तथा सम्बन्धित स्थानीय भूउपयोग परिषद्को संयुक्त वैठकमा छलफलका लागि सम्बन्धित शाखाले प्रस्तुत गर्नु पर्नेछ।छलफलबाट प्राप्त सुझावलाई भूउपयोग नक्सा डाटामा समावेश गर्नुपर्नेछ।

(४) स्थानीय तहको स्थानीय भूउपयोग परिषद्ले आवश्यकता अनुसार सरोकारवाला पक्षहरूसँग छलफल गरी प्राप्त सुझावहरूलाई भूउपयोग नक्सा डाटामा समावेश गर्न सक्नेछ।

(५) उपदफा (३) र उपदफा (४) बमोजिमको प्राप्त सुझावहरूलाई समावेश गरी भूउपयोग क्षेत्र बर्गीकरण र भूउपयोग नक्सा परिमार्जन तथा अद्यावधिक कार्यलाई अन्तिम रूप दिनु पर्नेछ।

मस्यौदा

(६) उपदफा (५) बमोजिम अन्तिम रूप दइएको वा दफा २० को उपदफा (३) बमोजिम स्वीकार गरिएको भूउपयोग नक्सा डाटालाई स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

२४. <u>**भूउपयोग क्षेत्र** बर्गीकरणको कित्तागत विवरणः</u> (१) दफा २३ को उपदफा (६) बमोजिम स्वीकृत गरिएको भूउपयोग नक्सा डाटाको आधारमा बर्गीकृत भूउपयोग क्षेत्र उल्लेख हुने गरी सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखा स्वयमले वा विभाग वा विभागले तोकेको नापी कार्यालयको प्राविधिक सहयोगमा कित्तागत विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१ ) बमोजिम कित्तागत विवरण तयार गर्दा देहायबमोजिमको प्रक्रिया अबलम्बन गर्नु पर्नेछः-

(क) स्थानीय तहले दफा २३ को उपदफा (६ ) बमोजिम स्वीकृत भूउपयोग नक्सा डाटाको प्रमाणित प्रति र भूउपयोग क्षेत्र बर्गीकरणको निर्णयको प्रमाणित प्रतिलिपि सहित कित्ता नापी सहिताको डाटा नापी विभागलाई लेखी पठाउने,

(ख) खण्ड (क) बमोजिम लेखी आएपश्चात नापी विभागले प्राप्त नक्सा डाटा नापी विभागले तोकेको स्पेसिफिकेसन र मोडेल बमोजिम भए नभएको यकिन गरी नभएको भए सम्बन्धित स्थानीय तहलाई सो बमोजिम सुधार गरी पुनः पेश गर्न जानकारी गराउने,

(ग) नापी विभागले तोकेको स्पेसिफिकेसन र डाटा मोडेल बमोजिम खण्ड (क) वा खण्ड (ख) बमोजिम भूउपयोग नक्सा डाटा सहितको विवरण प्राप्त भए पश्चात नापी विभागले प्राविधिक टोली खटाई वा कुनै नापी कार्यालयलाई तोकी कित्ता नापीको डिजिटल डाटा सहित सम्बन्धित स्थानीय तहमा पठाउने,

(घ) खण्ड (ग) बमोजिम नापी विभागबाट प्राविधिक टोली वा नापी कार्यालयबाट खटिएको टोली सहित प्राप्त हुन आएको कित्तानापीको डिजिटल डाटालाई भूउपयोग क्षेत्र नक्सा डाटासंग ओभर-ले गरी भूउपयोग क्षेत्रअनुसार कित्ताहरु पहिचान गर्ने,

(ङ) खण्ड (घ) बमोजिम कित्तागत विवरण तयार गर्ने क्रममा कुनै कित्ता दुई वा सो भन्दा बढी भूउपयोग क्षेत्रमा पर्न गएमा नियमावलीको नियम १२ को उपनियम (४ग) बमोजिम कित्तागत विवरणको कैफियत महलमा खुलाउने,

(च) खण्ड (ङ) बमोजिमको परिस्थितिमा कुनै कित्ता दुइ क्षेत्रमा परेको तर तीमध्ये कुनै एक कित्ता निर्धारित मापदण्डभन्दा कम क्षेत्रफल कायम हुन आउने देखिएमा बढी क्षेत्रफल ओगटेको कित्ताको बर्गीकरणसंग मिलान गर्ने,

(च) खण्ड (ग), (घ), र (ङ) बमोजिम भूउपयोग बर्गीकरणका आधारमा पहिचान भएका कित्ताहरुको एकीकृत सूची तयार गर्ने,

(छ) खण्ड (च) बमोजिम तयार गरिएको कित्तागत विवरणबमोजिमका कित्ताहरुको फिल्ड भेरिफिकेसन गर्न आवश्यक परेमा स्थानीय तहले सो कार्य गर्ने,

(ज) खण्ड (छ) बमोजिमको कार्य सम्पादन गर्न स्थानीय तहलाई प्राविधिक सहयोग आवश्यक परेमा सम्बन्धित नापी कार्यालय वा मालपोत कार्यालय वा दुबै संग आवश्यक सहयोग लिन सकिने,

२५. **भूउपयोग क्षेत्र बर्गीकरणको कित्तागत विवरणको सूचना प्रकाशित गर्नेः** _(१) दफा २४ बमोजिम तयार भएको भूउपयोग क्षेत्र बर्गीकरण सहितको कित्तागत विवरण स्थानीय भूउपयोग परिषद्ले नियमावलीको नियम १० को उपनियम  बमोजिम सर्वसाधारणको जानकारीको लागि (४) अनुसूची २ अनुसार सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित भए पश्चात सम्बन्धित जग्गाधनी वा सरोकारवालाले स्थानीय भूउपयोग परिषद्समक्ष उजूर गर्न सक्नेछन।

(३) उपदफा (२) बमोजिम कुनै उजुरी प्राप्त हुन आएमा स्वीकृत आधार र मापदण्ड बमोजिम भए नभएको यकीन गरी सम्बन्धित स्थानीय भूउपयोग परिषद्ले आवश्यक सम्बोधन गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै उजुरी प्राप्त हुन नआएमा सोही विवरण र कुनै उजुरी प्राप्त हुन आएमा उपदफा (३) बमोजिम गरी अन्तिम सूची तयार गर्नु पर्नेछ।

२६. **भूउपयोग क्षेत्र बर्गीकरणको कित्तागत विवरण स्वीकृत गर्नेः** (१) दफा २५ को उपदफा (४) बमोजिमको कित्तागत विवरणको अन्तिम सूची स्वीकृतिको लागि सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाले स्थानीय भूउपयोग परिषद्समक्ष स्वीकृतको लागि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको कित्तागत विवरण स्थानीय भूउपयोग परिषदले स्वीकृत गर्नु पर्नेछ।

२७. **भूमिलगत अद्यावधिक गर्नेः** (१) स्थानीय तहले दफा २६ बमोजिम स्वीकृत भूउपयोग क्षेत्र बर्गीकरणको कित्तागत विवरण अनुसार भूमि लगत अद्यावधिक गर्न सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउँदा भूउपयोग क्षेत्र बर्गीकरण र भूउपयोग क्षेत्र बर्गीकरणको कित्तागत विवरण स्वीकृत गरेको निर्णयसमेत संलग्न राखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत र नापी कार्यालयले नियमावलीको नियम १० को उपनियम (३) बमोजिम आफूसँग भएको जग्गाधनी दर्ता श्रेस्ता र सो सम्बन्धी विद्युतीय अभिलेखमा प्रत्येक कित्ताको भूउपयोग क्षेत्र बर्गीकरण खुलाई अद्यावधिक गरी स्थानीय तहलाई जानकारी दिनु पर्नेछ ।

(४) दफा २६ को उपदफा (२) बमोजिम स्वीकृत कित्तागत विवरण अनुसार सम्बन्धित जग्गाधनीले लिखित निवेदन पेश गरेमा सम्बन्धित मालपोत कार्यालयले उपदफा (३) बमोजिम अद्यावधिक

भएको जग्गाधनी दर्ता स्रेस्ता बमोजिम निजको जग्गाधनी दर्ता प्रमाणपूर्जामा प्रत्येक कित्ताको भूउपयोग क्षेत्र उल्लेख गरिदिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जग्गाधनीले निवेदन पेश नगरी जग्गाधनी दर्ता प्रमाण पूर्जामा भूउपयोग क्षेत्र उल्लेख नभएको अवस्थामा निजले जग्गाको कारोबार गर्ने क्रममा निजको जग्गाधनी श्रेस्ता बमोजिमको भूउपयोग क्षेत्रको विवरण सम्बन्धित भूमि सुधार तथा मालपोत कार्यालयले जग्गाधनी दर्ता प्रमाण पूर्जामा उल्लेख गरीमात्र जग्गाको कारोबारको प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

२८.<u>भूउपयोग क्षेत्र परिवर्तन सम्वन्धी व्यवस्थाः</u> (१) एक पटक भूउपयोगको क्षेत्र निर्धारण भैसकेको क्षेत्रमा कुनै जग्गाधनी आफ्नो जग्गाको भूउपयोग क्षेत्र परिवर्तन गर्न चाहेमा परिवर्तन गर्नुपर्नाको पर्याप्त आधार र कारण खुलाई स्थानीय भूउपयोग परिषद्समक्ष अनुसूची ३ को ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(२) स्थानीय भूउपयोग परिषदले उपदफा (१) बमोजिम परेका निवेदनहरू उपर कार्यान्वयन समितिमार्फत छानवीन गर्नु गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको छानवीन पश्चात स्थानीय भूउपयोग परिषदले भूउपयोग क्षेत्र परिवर्तन गर्नु पर्नाको पर्याप्त आधार र कारण देखेमा माग बमोजिम भूउपयोग क्षेत्र परिवर्तनका लागि एकमुष्ट रुपमा हरेको वर्षको पुस मासन्त र असार मसान्तभित्र प्रदेश भूउपयोग परिषद्समक्ष सिफारिससाथ पेश गर्नु पर्नेछ ।

(४) कुनै स्थानीय तहले कुनै क्षेत्रको भूउपयोग क्षेत्र परिवर्तन गर्न उपयुक्त देखेमा समेत उपदफा (३) बमोजिम भूउपयोग क्षेत्र परिवर्तनका लागि सिफारिससाथ प्रदेश भूउपयोग परिषद्समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) र उपदफा (४) बमोजिम प्राप्त निवेदनहरू क्षेत्र परिवर्तनका लागि उपयुक्त देखेमा संघीय भूउपयोग परिषद्मा सिफारिससाथ पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवेदनहरू उपर संघीय भूउपयोग परिषद्ले उपयुक्त छानवीन गरी क्षेत्र परिवर्तन गर्न उपयुक्त देखेमा भूउपयोग क्षेत्र परिवर्तन गर्न स्वीकृति दिने निर्णय गरी सोको कार्यान्वयनका लागि प्रदेश भूउपयोग परिषद्मार्फत सम्बन्धित स्थानीय भूउपयोग परिषद्मा लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम भूउपयोग क्षेत्र परिवर्तन भए पश्चात उक्त विवरण भूउपयोग क्षेत्र नक्सा/डाटामा अद्यावधिक गरी स्थानीय भूउपयोग परिषद्ले सोको विवरण नियमावलीको नियम ५ बमोजिम विभाग ,प्रदेश भूउपयोग परिषद् र सङ्घीय भूउपयोग परिषद्मा उपलब्ध गराउनु पर्नेछ ।

## <u>परिच्छेद- ५</u>

## <u>भूउपयोग योजनाको आधारपत्र, सोचपत्र र भूउपयोग योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन</u>

२९. <u>आधारपत्र तर्जुमाः</u> (१) भूउपयोग योजना तर्जुमा गर्नुअघि मन्त्रालय, प्रदेश सरकारको भूमि हेर्ने मन्त्रालय

र स्थानीय तहले ऐनको दफा ६ बमोजिम भूउपयोग कार्यक्रम कार्यान्वयनको लागि आधारपत्रको तयार गर्नु पर्नेछ।

(२) भूउपयोग योजना तर्जुमा गर्नुअघि उपदफा (१) बमोजिम तयार गरिने आधारपत्रको तर्जुमा गर्न एक विज्ञ समिति गठन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम गठित समितिले समावेशी सहभागितामूलक रूपमा सरोकारवाला पक्षहरूको प्रतिनिधत्व समेत हुने गरी छलफल तथा संवाद गराई सोबाट प्राप्त पृष्ठपोषण समेतलांई आधार पत्रमा समावेश गर्न सक्नेछ।

(४) यस दफाको प्रयोजनका लागि तयार गरिने आधारपत्रको ढाँचा अनुसूची ४ बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम तयार भएको आधार पत्रलाई उपदफा (३) बमोजिमको समितिले सम्बन्धित भूउपयोग परिषद् र स्थानीय तहको हकमा कार्यान्वयन समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम तयार भएको आधार पत्रलाई सम्बन्धित भूउपयोग परिषद्बाट स्वीकृत गर्नु पर्नेछ।

३०. **आधारपत्र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरूः** सम्बन्धित भूउपयोग परिषद्ले दफा २९ बमोजिम आधार पत्र तयार गर्दा देहाय बमोजिमका कुरालाई ध्यान दिनुपर्नेछः-

(क) ऐनको दफा ६ बमोजिमका आधारहरू,

(ख) नियमावलीको नियम ५ र नियम ६ बमोजिमका आधारहरू,

(ग) ऐनको दफा ६ को उपदफा (७) बमोजिम स्थानीय तहले ग्रामीण र शहरी क्षेत्रको छुट्टा छुट्टै भूउपयोग योजना तर्जुमा गर्न सकिने व्यवस्था,

३१. **सोचपत्र तर्जुमाः** (१) स्थानीय तहले दफा २९ बमोजिम आधार पत्र तर्जुमा गरेपश्चात आफ्नो क्षेत्रको भूउपयोग योजना तर्जुमाका लागि भूमिलाई दीगो एवम् दीर्घकालीन रूपमा उपयोगको परिकल्पना सहितको सोचपत्र तर्जुमा गर्नु पर्नेछ ।

(२) सोचपत्र तर्जुमाको लागि दफा २९ को उपदफा (२) बमोजिमको विज्ञ समितिलाई नै जिम्मा दिन सकिने छ ।

(३) उपदफा (२) बमोजिम गठित समितिले समावेशी सहभागितामूलक रूपमा सरोकारवाला पक्षहरूको प्रतिनिधत्व समेत हुने गरी छलफल तथा संवाद गराई सोबाट प्राप्त पृष्ठपोषण समेतलांई सोचपत्रमा समावेश गर्न सक्नेछ।

(४) यस दफाको प्रयोजनका लागि तयार गरिने सोचपत्रको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम तयार भएको सोचपत्रलाई उपदफा (३) बमोजिमको समितिले स्थानीय तहको हकमा कार्यान्वयन समिति समक्ष पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम तयार भएको सोचपत्रलाई सम्बन्धित भूउपयोग परिषद्बाट स्वीकृत गर्नु पर्नेछ।

३२. <u>सोचपत्र तयार गर्दा लिइने आधार तथा ध्यान दिनुपर्ने कुराहरूः</u> (१) सम्बन्धित भूउपयोग परिषद्ले दफा ३१ बमोजिम सोचपत्र तयार गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः

(क) आधार पत्रमा पहिचान गरिए बमोजिम बिभिन्न प्रयोजनका लागि भविष्यमा आवश्यक पर्ने जग्गाको आँकलन गरी सो बमोजिमको भूउपयोगको दीर्घकालीन अवधारणा

(ख) समावेसिता, सामाजिक न्याय र क्षेत्रीय सन्तुलनको सुनिश्चितता

(ग) स्थानीय तहको गुरूयोजनाले परिकल्पना गरेका विषयवस्तुहरू

(घ) तीनै तहका सरकारले भविष्यमा निर्माण गरिने भनी पहिचान गरेका आयोजनाहरू

(ङ) स्थानीय तहमा रहेको भूमि र भूमि श्रोतको महत्तम उपयोगको सुनिश्चितता हुने गरी तयार भएका प्रतिवेदनहरु

(च) स्थानीय सरोकारवालाहरूबाट प्राप्त सुझावहरू

(२) स्थानीय तहले दफा ३१ बमोजिम सोचपत्र तयार गर्दा देहायका कुराहरूमा ध्यान दिनुपर्नेछः

(क) आधारपत्रमा प्राथमिकतामा परेका विषयवस्तुहरूलाई सोचपत्रको समेत प्राथमिकताको विषयवस्तु निर्धारण गर्ने,

(ख) दीगो भूउपयोगको लागि दीर्घकालीन सोच, कार्यान्वयनयोग्य वा मापनयोग्य लक्ष्य एवम उद्देश्य निर्धारण गर्ने,

(ग) दीर्घकालीन सोच लक्ष्य र ,उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने रणनीति र कार्यनीति निर्धारण गर्ने,

३३.<u>भूउपयोग योजना तर्जुमाः</u> (१) संघीय भूउपयोग परिषद्, प्रादेशिक भूउपयोग परिषद् र स्थानीय भूउपयोग परिषद्ले ऐनको दफा ६ र नियमावलीको नियम ९ बमोजिम संघीय भूउपयोग योजना, प्रादेशिक भूउपयोग योजना र स्थानीय भूउपयोग योजना तर्जुमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको भूउपयोग योजना तर्जुमा गर्दा दफा २९ बमोजिम तयार भएको आधारपत्र र दफा ३१ बमोजिम तयार भएको सोचपत्रलाई मुख्य आधार लिनुपर्नेछ।

(३) भूउपयोग योजनाको प्रारम्भिक मस्यौदा तयार गर्दा संघीय भूउपयोग परिषद्, प्रादेशिक भूउपयोग परिषद् र स्थानीय भूउपयोग परिषद्ले सम्बन्धित विषयका विज्ञसहितको एक मस्यौदा समिति गठन गर्न सक्नेछ।

(४) संघीय र प्रादेशिक भूउपयोग योजनाको हकमा उपदफा (३) बमोजिमको समितिले प्रारम्भिक मस्यौदा तर्जुमा गरी सम्बन्धित सरोकारवाला पक्षहरू तथा सम्बन्धित भूउपयोग परिषद्सँग आवश्यकता अनुसार सघन छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा मस्यौदा परिमार्जन गरी सम्बन्धित

भूउपयोग परिषद् समक्ष पेश गरी स्वीकृत गर्नुपर्नेछ। यसरी स्वीकृत हुनू पूर्व सम्बन्धित भूउपयोग परिषद्ले सार्वजनिक जानकारीका लागि वेबसाइटबाट मस्यौदालाई सार्वजनिक गरी पृष्ठपोष्ण प्राप्त गर्न सक्नेछ।

(५) स्थानीय भूउपयोग योजनाको हकमा देहाय बमोजिम गर्नुपर्नेछः

(क) उपदफा (३) बमोजिमको समितिले प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने,

(ख) खण्ड (क) बमोजिम तयार भएको मस्यौदालाई सम्बन्धित सरोकारवाला पक्षहरू तथा कार्यान्वयन समितिसंग आवश्यकता अनुसार सघन छलफल गरी पृष्ठपोषण लिने,

(ग) खण्ड (ख) बमोजिम प्राप्त पृष्ठपोषणलाई समावेश गरी मस्यौदा परिमार्जन गर्ने,

(घ) खण्ड (ग) बमोजिम परिमार्जित मस्यौदालाई सम्बन्धित कार्यान्वयन समिति मार्फत स्थानीय भूउपयोग परिषद्समक्ष प्रस्तुत गर्ने,

(ङ) खण्ड (घ) बमोजिम प्रस्तुत गर्दा स्थानीय भूउपयोग परिषदबाट प्राप्त पृष्ठपोषणलाई समावेश गरी मस्यौदा परिमार्जन गरी उक्त मस्यौदालाई सार्वजनिक जानकारीका लागि वेबसाइटमार्फत प्रकाशित गर्ने,

(च) खण्ड (ङ) बमोजिम कुनै पृष्ठपोषण प्राप्त हुन आए र उपयुक्त देखिएमा सो समेत समावेश गरी कार्यान्वयन समितिले स्थानीय भूउपयोग योजना स्वीकृतिको लागि भूउपयोग परिषद्समक्ष पेश गर्ने,

(छ) खण्ड (च) बमोजिम पेश हुन आएको स्थानीय भूउपयोग योजनालाई स्थानीय भूउपयोग परिषदले स्वीकृति दिने,

(६) स्थानीय तहले भूउपयोग योजना तयार गर्दा आवश्यकता अनुसार ग्रामीण र शहरी क्षेत्रको बेग्लाबेग्लै तर्जुमा गराउन सक्ने-छ ।

(७) प्रादेशिक तथा स्थानीय भूउपयोग योजना तर्जुमा गर्दा माथिल्लो तहको भूउपयोग योजनासँग प्रतिकुल नहुने गरी तर्जुमा गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम तर्जुमा गरिएको संघीय भूउपयोग योजना सात वर्षमा र प्रादेशिक भूउपयोग योजना पाँच वर्षमा पुनारावलोकन गर्न सकिनेछ भने स्थानीय भूउपयोग योजना आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिनेछ ।

(९) यस दफा बमोजिमको भूउपयोग तर्जुमा गर्दा अनुसूची ६ बमोजिमको ढाँचालाई आधार लिन सकिनेछ।

३४. <u>स्वीकृत भूउपयोग योजना माथिल्लो तहमा पठाउनेः</u> प्रादेशिक भूउपयोग परिषद् र स्थानीय भूउपयोग परिषद्ले स्वीकृत गरेको सम्बन्धित भूउपयोग योजना जानकारी र अभिलेखका लागि माथिल्लो तहमा पठाउनु पर्नेछ ।

३५. <u>स्थानीय तहमा भूउपयोग कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्नेः</u> (१) कुनै स्थानीय तहले नियमावलीको नियम ३ बमोजिम आफ्नो क्षेत्रमा भूउपयोग कार्यक्रम संचालन गर्न चाहेमा दफा २३ बमोजिम

तयार भएको बर्गीकरणसहितको भूउपयोग नक्सा डाटा, दफा २९ बमोजिम स्वीकृत आधार पत्र, दफा ३१ बमोजिम स्वीकृत सोचपत्र र दफा ३३ बमोजिम स्वीकृत भूउपयोजनासहित मन्त्रालयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने व्यवस्थाको लागि लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखिआएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहसंग आवश्यक छलफल गरी सूचना प्रकाशनका लागि नेपाल सरकारसमक्ष स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारबाट सूचना प्रकाशनको स्वीकृति प्राप्त भएपश्चात मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन भएपश्चात सम्बन्धित स्थानीय तहले भूउपयोग कार्यक्रम संचालन सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि जनचेतनाको कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## परिच्छेद - ६

## कार्यान्वयन प्रकृया

३६.**कित्ता अद्यावधिकः** (१) प्लटमिलान गर्दा प्लटमिलान हुने कित्तामा जतिसुकै क्षेत्रफल भए पनि प्लटमिलान गर्न सकिने छ तर प्लटमिलानको लागि कित्ताकाट गरिने कित्तामा कित्ताकाट पछि कायम हुने बाँकी कित्ताको नियमावलीको नियम१२ बमोजिमको न्युनतम क्षेत्रफल कायम हुनु पर्नेछ।

(३) हालसाविक गर्ने क्रममा साविकको कित्ता बमोजिम कित्ताकाट गर्न सकिने छ।

(४) हालसाविक गर्ने क्रममा साविकको कित्ताको बीचबाट नापनक्साको समयमा बाटो कायम भई सकेको भए उक्त बाटोको दुवैतर्फ जतिसुकै क्षेत्रफल बाँकी रहन गएको छ सो बराबरको कित्ता कायम गर्न सकिने छ।

(५) साविकको कित्ता पुनः नापीको समयमा दुई वा दुई भन्दा बढी नक्शासीटमा पर्न गएकोमा जति क्षेत्रफल भएपनि कित्ता कायम गर्न सकिने छ।

(६) साविकको कित्ता पुनः नापीमा फरक फरक नक्शासीटमा पर्न गई प्राविधिक रुपमा अलग अलग भई कित्ता कायम भएको अवस्थामा एक सीट र अर्को सीटमा परेका कित्ताहरुबाट नियमावलीको नियम १२ र १२ (क) मा उल्लेख भए बमोजिमको न्यूनतम मापदण्ड कायम नभए पनि कित्ता कायम गर्न सकिने छ र सो व्यहोरा प्लटरजिष्टरको कैफियत महल र लिखतमा जनाउनु पर्ने छ।मालपोत कार्यालयले लिखतमा उल्लेख भएको व्यहोरा जग्गाधनी दर्ता प्रमाण पूर्जा र जग्गाधनी दर्ता श्रेस्तामा जनाउनु पर्नेछ।साथै यसरी श्रेस्तामा जनाएको न्यूनतम क्षेत्रफलभन्दा कमको कित्ताको कारोबार गर्न सकिने छैन।

(७) नियमावली लागू हुनुपूर्व शेषपछिको बकसपत्र वा दानपारित गर्दामध्ये भनी जतिसुकै क्षेत्रफलको बकसपत्र वा दान भए तापनि सोबमोजिम कित्ताकाट गर्न सकिने छ।

(८) आवासीय क्षेत्र बाहेक अन्य क्षेत्रमा बर्गीकरण गरिएको क्षेत्रमा नियमावलीको नियम १२ को उपनियम (१) बमोजिमको न्यूनतम क्षेत्रफलभन्दा कम हुने गरी कित्ता काट गर्न पाइने छैन।

(९) नियमवली लागूहुनु पूर्व मालपोत कार्यालयबाट लिखत पारित भइसकेको अवस्थामा सोही बमोजिमको क्षेत्रफल वा निर्णय वा पारित लिखतमा उल्लेख भएको बाटोको चौडाई बमोजिमको क्षेत्रफल सम्बन्धित स्थानीय तहको सिफारिस वाटो कायम गर्न सकिने छ ।

(१०) सरकारी /सार्वजनिक प्रयोजनका लागि निर्माण हुने संरचनाको (कार्यालय भवन निर्माण बाहेक) लागि जग्गा प्राप्ति गर्दा जतिसुकै क्षेत्रफलको कित्ता काट गर्न सकिनेछ।

(११) सरकारी /सार्वजनिक संरचना निर्माण भई लगतकट्टा गर्नुपर्दा संरचनाले ओगटेको जतिसुकै क्षेत्रफल पनि कित्ताकाट गरी लगत कट्टा गर्न सकिनेछ ।

(१२) कृषि क्षेत्रमा बर्गीकरण भएको कित्तामा प्लट मिलान गर्दा अन्य जुनसुकै वर्गमा बर्गीकृत भएको कित्ताबाट प्लट मिलान गर्न सकिने छ।

(१३) भूउपयोग क्षेत्र बर्गीकरण गर्ने क्रममा निजी स्वामित्वको जग्गा सरकारी/सार्वजनिक प्रयोजनको लागि कित्ताकाट गर्न नमिल्ने भनी बर्गीकरण गरिएको क्षेत्रमा पर्न गएमा सम्बन्धित जग्गाधनीले स्थानीय भूउपयोग परिषदमा संशोधनको लागि निवेदन दिन सक्ने छ। सो निवेदन उपर स्थानीय भूउपयोग परिषदले गरेको निर्णय बमोजिम भूउपयोग क्षेत्र बर्गीकरण संशोधन गरी सोही अनुसार कित्तागत विवरण अद्यावधिक गर्न सकिने छ।

(१४) स्थानीय तहको सिफारिस, नक्सा पास प्रमाणपत्र तथा निर्माण सम्पन्नको प्रमाणपत्र सहित सम्बन्धित जग्गाधनीले नक्सामा घर कायम गर्न निवेदन पेश गरेमा फिल्ड निरीक्षण गरी नापी कार्यालयले कित्ता नापी नक्सामा र मालपोत कार्यालयले जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा अद्यावधिक गर्नु पर्नेछ।

३७. <u>कित्ताकायम गर्न सकिने:</u> माथि जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहले निर्माण गर्ने निर्धारित मापदण्ड बमोजिमको सडक, बाटो, कुलो, विद्युत प्रशारण लाइन, रेल मार्ग र यस्तै प्रकृतिका अन्य पूर्वाधारका संरचनाका लागि जुनसुकै बर्गमा बर्गीकृत भएको जग्गाबाट सो पूर्वाधारको मार्गाधिकार क्षेत्र समेटने गरी कित्ता कायम गर्न सकिने छ।

३८. <u>दुइ वा दुइभन्दा बढी स्थानीय तहको संयुक्त उपयोगमा रहेको भूउपयोग क्षेत्रको बर्गीकरण:</u> (१) कुनै एक स्थानीय तह भित्र पर्ने क्षेत्र अर्को स्थानीय तहले व्यावहारिक रुपमा भोग गरेको क्षेत्र पर्न गएमा दुवै स्थानीय तहहरुको आपसी समझदारीमा सो क्षेत्रको भूउपयोग क्षेत्र बर्गीकरण गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिमको भूउपयोग क्षेत्र बर्गीकरण गर्नु पर्ने भएमा दुवै स्थानीय तहको संयुक्त निर्णयको आधारमा बर्गीकरणको निर्णय गरी दफा २३ बमोजिम सम्बन्धित स्थानीय तहले भूउपयोग नक्शा अद्याबधिक एवम् दफा २४ बमोजिम कित्तागत विवरण तयार गर्नु पर्नेछ ।

३९. <u>भूउपयोग नक्सा डाटामा जनाउनु पर्ने:</u> (१) हाल सञ्चालनमा नरहेको भए तापनि स्थानीय तह वा प्रदेश वा संघीय तहबाट कुनै आयोजना सञ्चालन गर्न भनी प्रस्ताव गरिएका भए त्यस्ता आयोजना प्रस्तावित स्थानहरु पनि उपयुक्त चिन्ह र रंग दिई नक्शा डाटामा अंकित गर्नु पर्नेछ।

(२) आधारपत्र तर्जुमाको क्रममा भविष्यमा आवश्यक पर्ने भनी आँकलन गरिएका (प्रस्तावित) विकास निर्माण एवं पूर्वाधारका लागिआवश्यक पर्ने जमीन आँकलन गरी विभिन्न वडाका उपयुक्त स्थानहरुमा उपयुक्त चिन्ह र रङ्ग दिई अंकित गर्नु पर्नेछ।

(३) भविष्यमा पालिकाको स्तरोन्नतिका लागि आवश्यक हुने भनी पहिचान भएका पूर्वाधारका संरचनाहरु निर्माणका लागि आवश्यक जमीन सुरक्षित राख्ने गरी भूउपयोग नक्शा डाटामा अंकित गर्नु पर्नेछ ।

(४) स्थानीय तहका विभिन्न स्थानहरुमा रहेका बाढी पहिरो भूकम्प लगायतका प्राकृतिक विपतको संभावना देखिएका क्षेत्रहरुलाई भूउपयोग नक्सामा जोखिम क्षेत्रको रुपमा जनाउनु पर्नेछ।

४०. **कृषि क्षेत्रमा जग्गाको बर्गीकरण गर्न प्रोत्साहन गर्ने उपायहरू अबलम्बन गर्ने सकिने:** कृषि क्षेत्रमा जग्गाको बर्गीकरणका लागि तीनै तहको सरकारबाट देहाय बमोजिम प्रोत्साहनका उपायहरू अबलम्बन गर्न सकिने छ।

(क) कृषि क्षेत्रमा बर्गीकरण भएको जग्गाको कर निर्धारण गर्दा कर छुट दिने व्यवस्था गर्न सकिने,

(ख) कृषि क्षेत्रमा बर्गीकरण भएको जग्गाको कित्ताकाट गर्दा रजिस्ट्रेशन शूल्कमा छुट दिन सकिने,

(ग) तीनै तहका सरकारले कृषिमा दिने अनुदान कृषि क्षेत्रमा बर्गीकरण गरिएको जग्गामा मात्र उपलब्ध गराउने व्यवस्था गर्न सकिने,

(घ) कृषि क्षेत्रमा बर्गीकरण भएको जग्गामा कृषि प्रयोजनका लागि आवश्यक पर्ने विद्युत,सिंचाईको लागि पानी, मलखाद,बिउबीजन आदिमा विशेष सहुलियत उपलब्ध गराउन सकिने,

(ङ) कृषि क्षेत्रमा बर्गीकरण भएको जग्गामा कृषि प्रयोजनका लागि निर्माण गरिने संरचनाको स्विकृती लिने प्रक्रिया सरल र सहज तुल्याउन सकिने,

## परिच्छेद- ७
## विविध

४१.**क्षमता विकासः** प्रदेश सरकार वा स्थानीय तहले भूउपयोग कार्यक्रम संचालन गर्न आफ्ना कर्मचारीहरुको क्षमता विकासका लागि भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रसंग लागत साझेदारीमा तालीम वा गोष्ठी संचालन गर्न सकिने छ ।

४२. **कृषि क्षेत्रमा बर्गीकृत जग्गामा घर बनाउन पाउने विशेष व्यवस्थाः** कुनै पनि व्यक्तिको सम्पूर्ण जग्गा कृषि क्षेत्रमा बर्गीकृत भइ नयाँ घर बनाउनु पर्ने अवस्था भएमा निर्धारित मापदण्ड बमोजिम कृषि क्षेत्रमा

नयाँ घर निर्माण गर्न स्थानीय तहले अनुमति दिनु पर्नेछ।

४३.**<u>द्विविधाको निराकरणः</u>** (१) कुनै प्रदेश वा स्थानीय तहमा भूउपयोग कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा सैद्धान्तिक विषयमा द्विविधा उत्पन्न हुन गएमा सङ्घीय भूउपयोग परिषद्को अध्यक्षको संयोजकत्वमा सम्बन्धित प्रदेश वा स्थानीय तहको भूउपयोग परिषद्को अध्यक्ष बीच आपसी छलफल गरी निराकरण गर्नु पर्नेछ ।

(२) कुनै प्रदेश वा स्थानीय तहमा भूउपयोग कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा प्राविधिक विषयमा द्विविधा उत्पन्न हुन गएमा सङ्घीय भूउपयोग परिषद्को सदस्य सचिवको संयोजकत्वमा सम्बन्धित प्रदेश वा स्थानीय तहको भूउपयोग परिषद्को सदस्य सचिव र नापी विभागको भूउपयोग सम्बन्धि प्राविधिक विषय हेर्ने शाखाको प्रमुख बीच आपसी छलफल गरी निराकरण गर्नु पर्नेछ।

४४.**<u> कसुर र कारवाहीः</u>** (१) भूउपयोग क्षेत्र बर्गीकरण र भूउपयोग योजना बमोजिम कार्य नगरेमा वा जग्गा बाँझो राख्नु पर्ने उचित र प्रर्याप्त कारण सहितको सूचना सम्बन्धित स्थानीय तहमा दिएको अवस्थामा बाहेक कृषि क्षेत्रमा बर्गीकृत जमीन लगातार तीन वर्ष भन्दा बढी बाँझो राखेमा वा ऐनमा उल्लिखित अवस्थामा वाहेक निर्धारित भूउपयोग क्षेत्र बर्गीकरण परिवर्तन गरेमा कसुर गरेको मानिनेछ।

(२)उपदफा (१) बमोजिम भएको कसुर सम्बन्धमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी दिन सकिनेछ।

(३)उपदफा  वमोजिम उजुरी परेमा प्रमुख जिल्ला अधिकारीले उजुरी उपर कारवाही (२) किनारा गर्नुपर्ने छ।

(४)उपदफा वम (३)ोजिम उजुरी उपर कारवाही किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजि गर्नु पर्नेछ।

(५)उजुरी उपर कारवाही गर्दा प्रमुख जिल्ला अधिकारीले पक्ष झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिला गराउने लगायतका अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ।

(६)भूउपयोग नक्सा र योजना बमोजिम कार्य नगरेमा प्रमुख जिल्ला अधिकारीले दुई लाख रुपैयाँसम्म ,जग्गा बाँझो राख्नु पर्ने उचित र प्रर्याप्त कारण सहितको सूचना सम्बन्धित स्थानीय तहमा दिएको अवस्थामा बाहेक कृषि क्षेत्रमा बर्गीकृत जमीन लगातार तीन वर्ष भन्दा बढी बाँझो राखेमा उत्पादन अनुमानको आधारमा रु एक लाख रुपैयाँसम्म र ऐनमा उल्लिखित अवस्थामा वाहेक निर्धारित भूउपयोग क्षेत्र बर्गीकरण परिवर्तन गरेमा तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(७)ऐनमा उल्लिखित अवस्थामा वाहेक निर्धारित भूउपयोग क्षेत्र वर्गीकरण परिवर्तन गरेमा जरिवानाका अतिरिक्त त्यस्तो जग्गा छ महिना भित्र साविक वमोजिमको भूउपयोग क्षेत्र कायम गर्न आदेश दिन सक्नेछ।

(८)प्रमुख जिल्ला अधिकारीको निर्णय चित्त नबुझेमा सम्बन्धित जिल्लाको जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।

४५.<u>**यसै निर्देशिका बमोजिम भए गरेको मानिने:**</u> यो निर्देशिका लागू हुनुअघि भूउपयोग क्षेत्र बर्गीकरण वा भूउपयोग योजना तर्जुमाको कार्य सम्पन्न भैसकेको भए यसै निर्देशिकाबमोजिम भए गरेको मानिने छ ।

मस्यौदा

अनुसूची-१

(दफा २३ को उपदफा (१)Error! Reference source not found. सँग सम्बन्धित)

## भूउपयोग नक्सा डाटा अद्यावधिक प्रकृया

१. नापी विभागले हस्तान्तरण गरेको भूउपयोग नक्शा डाटामध्ये भूउपयोग क्षेत्र नक्सा/डाटा (Land Use Zone) सहित अन्य आवश्यक विवरण अद्यावधिक गर्ने।

२. आवासीय प्रयोजन तथा व्यावसयिक प्रयोजनमा प्रयोग भएको भवन, घर, टहरा, सडक सञ्जाल, कुलो, नहर, आदिलाई Polygon तथा गोरेटो वाटो, Transmission line , सडक सञ्जालको Centerline लाई Line को नयाँ छुट्टाछुट्टै Layer बनाई Feature Digitize गर्ने।

३. सि.नं. २ अनुसार गरिसकेपछि GIS Software का Geoprocessing Tool हरुको प्रयोग गरी भूउपयोग क्षेत्र बर्गीकरणको मापदण्ड अनुसार चाहिने Feature हरुको डाटा तयार गर्ने।

४. GIS सफ्टवेरमा Land Use Zone लाई Load गरी आवश्यकता बमोजिम अद्यावधिक गर्ने।

५. अद्यावधिक गर्ने क्रममा पहिलेको नक्सामा केही आधारभुत विवरणहरु (हालको अवस्थामा विकास भएका संरचनाहरु आदि) अद्यावधिक गर्न परेमा उपलब्ध विभिन्न श्रोतहरु प्रयोग गरी अद्यावधिक गर्ने।

६. सि .नं.२, ३ र ५ अनुसार तयार भएको Features हरुलाई Land Use Zone डाटामा Cut Polygon, Update, Buffer जस्ता Tool प्रयोग गरी Land Use Zone Update गरी Attribute table मा समेत Zone परिवर्तन गर्ने ।

७. यसरी अद्यावधिक गर्दा नापी विभागको स्वीकृत भूउपयोग सम्बन्धी Specification तथा data model अनिवार्य रुपमा पालना गर्नुपर्ने

मस्यौदा

अनुसूची- २

(दफा २५ को उपदफा (१) सँग सम्बन्धित )

**भूउपयोग क्षेत्र बर्गीकरण सम्बन्धी सूचनाको ढाँचा**

स्थानीय भूउपयोग परिषद् (................पालिका) को मिति ...................को निर्णयानुसार यस महा/ उप/ नगर/ गाँउपालिका क्षेत्रभित्रका कित्ताहरुलाई देहायको किसिममा वर्गीरकण गरिएको छ।

| क्र. सं. | गा.वि.स./ नगरपालिका (कित्तानाक्सा / पुर्जामा उल्लेखित) | वडा नं (कित्ता नक्सा/ पुर्जामा उल्लेखित) | नक्सा सिट नम्वर | कित्ता नम्वर | बर्गीकृत क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(..................)

सदस्य सचिव

स्थानीय भूउपयोग परिषद, ....... पालिका

अनुसूची- ३

(दफा २८ को उपदफा (१) सँग सम्बन्धित )

## भूउपयोग क्षेत्र परिवर्तन निवेदनको ढाँचा

श्रीमान्.............

.................. स्थानीय भूउपयोग परिषद्।

विषयः भूउपयोग क्षेत्र परिवर्तन गरी पाऊँ।

महोदय,

मेरो/हाम्रो हकभोगमा रहेको ............................... न.पा./गा.पा..............वडा नं. मा रहेको कित्ता नं. ............. को जग्गा मिति .....................मा सूचना प्रकाशन हुँदा ............................क्षेत्रमा बर्गीकृत भएकोमा ............................ कारणले .................... क्षेत्रमा परिवर्तन गर्न आवश्यक भएकाले आवश्यक प्रमाण तथा काजगात सहित यो निवेदन पेश गरेको छु।

| क्र.स. | नक्सा सिट नम्वर /वडा नम्वर /कित्तानम्वर | हाल बर्गीकरण भएको क्षेत्र | बर्गीकरण हुनु पर्ने क्षेत्र |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

निवेदकः

दस्तखतः

नामः

संस्था भए दर्ता प्रमाणपत्र नं. :

व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.:

ठेगाना :

संलग्न कागजात

(क) नागरिकताको प्रमाणपत्र / संस्था दर्ता प्रमाणपत्रको छायाप्रति।

(ख) भूउपयोग क्षेत्रमा बर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको छायाप्रति।

(ग) जग्गाधनी दर्ता प्रमाणपुर्जा।

(घ) नक्सा / ट्रेश नक्सा।

अनुसूची- ४

(दफा २९ को उपदफा (४) सँग सम्बन्धित )

**आधारपत्र तर्जुमा ढाँचा**

१. परिचय/पृष्ठभूमि

२. भूउपयोग कार्यक्रम लागू हुने क्षेत्रको विस्तृत विवरण

(क) भौगोलिक अवस्थिति

(ख) जनसंख्या/ जनसख्या वृद्धिदर

(ग) सामाजिक/ आर्थिक/ संस्कृतिक/पर्यावारणीय अवस्था

(घ) पूर्वाधारको अवस्था

३. सम्बन्धित पालिकाको भूउपयोग सम्बन्धी विद्यमान स्थितिको व्याख्या र विश्लेषण

(क) भूउपयोगको वर्तमान अवस्था

(ख) भूउपयोगको अन्तरसम्बन्ध

(ग) भूउपयोगको अन्तरनिर्भरता

४. वर्तमान भूउपयोग अवस्थाको विषयवस्तुको सवल पक्ष र दुर्वल पक्ष

५. भूउपयोग कार्यक्रम संचालनका लागि सम्भावित कार्यक्रमहरू

(क) प्रदेश वा संघीय तहबाट प्रस्तावित आयोजना

(ख) संघ/प्रदेश र स्थानीय तहले आवश्यक ठानेका कार्यक्रमहरू

६. भूउपयोगको दीर्घकालीन रणनीतिक योजना

(क) सम्बन्धित तहको भूउपयोगसंग सम्बन्धित आवधिक योजनामा समावेश भएका रणनीतिहरु

(ख) विभिन्न अध्ययन अनुसन्धान गर्ने संघसंस्थाबाट सिफारिस गरिएका रणनीतिहरु

(ग) सम्बन्धित निकायले आवश्यक ठानेका अन्य रणनीतिहरु

७. रणनीतिक योजना तर्जुमाका चुनौति, अवसर र सम्भावना

८. निश्कर्ष तथा सुझाव

अनुसूची- ६
(दफा ३३ को उपदफा (९) सँग सम्बन्धित )

## भू-उपयोग योजना तर्जुमा ढाँचा

१. पृष्ठभूमि/परिचय

(क) भूउपयोग सम्बन्धी विद्यमान अवस्थाको विवरण संकलन र विश्लेषण- आधारपत्रबाट साभार गर्ने

२. दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति (सोचपत्रबाट साभार लिने)

३. बर्गीकरण अनुसार भूउपयोगको आवश्यकता

(क) विद्यमान भू-उपयोग नक्सा (Present land use)

(ख) स्थानीय तह वा प्रदेश वा संघीय तहबाट प्रस्तावित आयोजना समावेश गर्ने

(ग) भविष्यमापालिकाको स्तरोन्नतिका लागि आवश्यक हुने न्यूनतम पूर्वाधारहरु के हुन सक्नेन प्रचलित कानून समेत हेरी ती पूर्वाधारको लागि जमीन सुरक्षित गर्ने

(घ) भूउपयोग नक्सामा जोखिम क्षेत्रको जनाउनु पर्ने।

(ङ) माथि उल्लेख गरिएका सम्पूर्ण विवरणहरूलाई एकीकृत गर्दै भूउपयोग क्षेत्र नक्सामा अंकित र अद्यावधिक गर्ने ।

४. भू-उपयोग योजना (आधारपत्र, सोचनिर्माण र भू-उपयोग क्षेत्र नक्सा, अद्यावधिक नक्सा समेतका आधारमा लिपिबद्ध भू-उपयोग योजना तर्जुमा)

- भूउपयोग क्षेत्र नक्सामा बर्गीकरण अनुसार भूमिको उपयोग गर्न गरिएको योजनालाई लिपिबद्ध गर्ने

५. कार्यान्वयन संयन्त्र

६. कार्यान्वयन कार्ययोजना

७. अनुगमन तथा मूल्याङ्कन विधि